मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १० गते मंगलबार ❑ 26 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## स्थायित्वका लागि विधान महाधिवेशन-एमाले गण्डकी इन्चार्ज गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

नेकपा एमाले बागलुङले आसन्न एमालेको विधान महाधिवेशनका लागि सुझाव संकलन गरेको छ। १५० जना नेता कार्यकर्ता सहभागी बैठकमा ५० जनाले विधना महाधिवेशनको विषयमा सुझाव पेश गरेका थिए। उनीहरुले पार्टीको स्थायीत्व, संविधानको रक्षा लगायतका विषयमा विधान महाधिवेशन केन्द्रित हुन आवश्यक रहेको बताएका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा एमालेका स्थायी कमिटि सदस्य तथा गण्डकी प्रदेश इन्चार्ज किरण गुरुङले स्थायी नीतिमा स्थायी नेतृत्व भएमा मात्रै देशमा विकासले गति लिने बताउनुभएको छ। उहाँले छिटो–छिटो फेरिने संविधान र नेतृत्वले देशलाई सहित ढंगले अघि नलाने बताउनुभएको छ। नेकपा एमाले बागलुङ जिल्लाले आयोजना गरेको विधान महाधिवेशन सुझाव संकलन कार्यक्रममा बोल्दै नेता गुरुङले माक्सवाद र लेलिनवादमा जस्तै नीति र विधिमा स्थायीत्व भएमा मात्रै देश



समृद्ध हुँने बताउनुभएको छ। "नीतिमा स्थायीत्य र विधिमा स्थायीत्व भएमा नेतृत्वमा स्थायीत्व हुन्छ, नेतृत्वमा स्थायीत्व भएमा राजनीतिक स्थायीत्व हुन्छ र राजनैतिक स्थायीत्व भएमा देश समृद्ध बन्छ" गुरुङले भन्नुभयो "त्यसैले नीति र विधि छिटो–छिटो परिवर्तत गरिरहने र शंसोधन गरिरहने विषय राम्रो होइन।" राजनीतिक स्थायीत्व बिना मुलकुले स्थायीत्व प्राप्त गर्न सक्दैन र देश अघि बढ्दैन भन्दै गुरुङले नेपालमा राजनैतिक अस्थिरताका कारण विकास कमजोर भएकाले नेतृत्व स्थायीत्व गराउनका लागि जनता जागरुक हुन आवश्यक रहेको बताउनुभयो।

विधान महाधिवेशमा धेरै छेडछाड नहुँने बताउदै स्थायीत्वका लागि मात्रै विधान महाधिवेशन केन्द्रित रहने उहाँले बताउनुभयो। अमेरिका र भारतको जस्तो स्थायी संविधान बनाउन सकेमा मात्रै देशले फड्को मार्ने बताउनुभयो। लहै–लहैको आधारमा संविधान र विधिको विषयमा प्रश्न गर्न नहुने भन्दै गम्भिर अध्ययन र त्यसका प्रभावका विषयमा अध्ययन गरेर मात्रै बोल्नुपर्ने बताउनुभयो।

व्यवस्थापिका संसदको काम कानुन बनाउने भएपनि राजनीतिक संस्कार बिग्रेर बाटोघाटो केन्द्रित भएको बताउदै सचेत व्यक्तिले कानून निर्माणमा सुझाव दिन आवश्यक रहेको बताउनुभयो। एमालेको नेतृत्वमा दुई कार्यकाल र ७० वर्षे शर्तलाई संसोधन गरेर प्राकृतिक छनौटको आधारमा नेतृत्व चयन गनुपर्नेमा विधान महाधिवेशन केन्द्रित रहने बताउनुभयो। उमेरका हिसाबले नेतृत्व छनोट गर्ने कुरा नमिल्ने बताउदै एमालेले उमेर हदलाई फेर्ने बताउनुभयो। कार्यक्रममा पोलिटब्यूरो सदस्य तथा एमाले जिल्ला इन्चार्ज मन कुमारी केसीले एमालेलाई थप शसक्त पार्टीको रुपमा राख्न जनताको सुझाव लिन थालिएको बताउनुभयो। कार्यक्रम नेकपा एमाले हिरा बहादुर केसीको अध्यक्षता, उपाध्यक्ष विष्णु भुषालको स्वागत तथा उपसचिव धन बहादुर परियारको सञ्चालनमा सम्पन्न भएको थियो।

## पोखरा 'ग्रेट ट्रेल' निर्माणको अन्तिम चरणमा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

पोखरा महानगरपालिका-११ मणिपाल कालिखोलादेखि काँहुको धुरीसम्मको 'पोखरा ग्रेट ट्रेल' निर्माण अन्तिम चरणमा पुगेको छ।



पोखरा महानगरपालिकाका अनुसार आगामी माघ महिनाभित्रमा यस पदमार्गको निर्माण पूरा हुनेछ। उक्त ट्रेलमा करिव चार हजार ५०० सिँढीमध्येमा अब केही मात्र निर्माण बाँकी छ। कालिखोलादेखि काँहुकोटसम्म एक किमी ८०० मिटरको पदमार्ग निर्माण विसं २०८० वैशाखदेखि सुरू गरिएको थियो। यसका लागि महानगरले पहिलो चरणमा ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो।

पोखरा महानगर प्रमुख धनराज आचार्यले मुख्य बजार क्षेत्रबाट नजिकको ट्रेलको रूपमा रहेको यस ट्रेल पर्यटकीय दृष्टिले महत्त्वपूर्ण र आकर्षक रहेको बताउनुभयो। उहाँका अनुसार फुट ट्र्याकका लागि चालू आवमा ८० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। "पर्यटकीय राजधानी पोखरामा बिहान र साँझको समयमा हिँड्न रमाउनेका लागि यो एक उपयुक्त थलोका रूपमा विकास हुने विश्वास गरेका छौँ। स्थानीय विशेषता झल्कने र पहिचानसहितको अर्ग्यानिक पदमार्ग भनेका छौँ, यो पदमार्गमा यात्राका क्रममा अर्ग्यानिक उत्पादनको स्वाद लिन सकिनेछ," नगर प्रमुख आचार्यले भन्नुभयो। निर्माण समितिका अध्यक्ष तीर्थबहादुर बस्नेतका अनुसार पदमार्गमा ढुङ्गा काटेर विच्छ्याइएको छ। पदमार्गका विभिन्न चार स्थानमा विश्राम स्थल हुनेछन् भने १० स्थानमा 'भ्युपोइन्ट' निर्माण हुनेछ। पदमार्ग १० फिट चौडाइको हुने र बिचमा रेलिङ र दायाँबायाँ तारबारले घेरिने बस्नेतले बताउनुभयो। पोखराको प्राकृतिक 'भ्युपोइन्ट'का रूपमा रहेको काँहुकोटको पर्यटन विकास र प्रवर्द्धनमा पदमार्ग निर्माणले सहयोग पुग्ने आशा गरिएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी विश्वविद्यालयमा नयाँ संरचना बन्दै

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

गण्डकी विश्वविद्यालयले रु चार करोड १५ लाख २४ हजारको लागतमा परीक्षा नियन्त्रण कार्यालयको भवन निर्माण कार्य सुरु गरेको छ।

ग ण्ड की प्रदेश सरकारको लगानीमा पोखरा महानगरपालिका-३२ मालेपाटनमा परीक्षा नियन्त्रण कार्यालय निर्माण गर्न लागिएको हो। निर्माणाधीन सो भवनको एक कार्यक्रमबीच गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले आज शिलान्यास गर्नुभयो। समयमा नै गुणस्तरीय भवन निर्माण गर्न निर्माण कम्पनीलाई निर्देशन दिँदै उहाँले गण्डकी विश्वविद्यालयलाई राजनीतिक हस्तक्षेपमुक्त बनाएर आधुनिक प्रविधियुक्त शैक्षिक थलोका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। विश्वविद्यालयको जग्गा प्राप्त गर्न स्थानीयवासी र वडाको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै मन्त्री थापाले निर्माणाधीन भवन गुणस्तरयुक्त र अपाङ्गतामैत्री हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। विश्वविद्यालयका कुलपति प्राडा इन्द्रप्रसाद तिवारीले विश्वविद्यालयले शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक उत्तरदायित्वमा योगदान पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभयो। स्रोत जुटाउँदै विश्वविद्यालयलाई अगाडि बढाउन आफू सदैव प्रयत्नशील रहेको उहाँको भनाइ थियो। भवन निर्माणसँगै परीक्षा प्रणालीलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण सहयोग पुग्ने उहाँले धारणा राख्नुभयो।

पोखरा महानगरपालिका-३२ का वडाअध्यक्ष अक्कलबहादुर कार्कीले विश्वविद्यालयको उन्नयनका लागि स्थानीय तहबाट गर्नुपर्ने साथ सहयोग निरन्तर गर्दै आएको उल्लेख गर्दै आपसी सहयोग र समन्वयबाट अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

## सिर्जना बहिरा माविको समस्या समाधानका लागि छानविन समिति गठन गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

विद्यालय सुधारको माग राखी आन्दोलन गरिरहेका सिर्जना बहिरा माध्यामिक विद्यालयका विद्यार्थीहरुसँग सोमबार सहमति भएको छ।

पोखरा महानगरपालिका वडा नं. २६ का अध्यक्ष नरेन्द्र थापाको पहलमा भएको सर्वपक्षिय भेलामा विद्यार्थीहरुले उठाएको समस्याका लागि महानगरको शिक्षा महाशाखामा लेखी पठाउने सहमति भएको हो। विद्यार्थीहरुले उठाएका समस्या समाधानका समिति बनाई छानविन गर्न महानगर शिक्षा महाशाखालाई पत्राचार गर्ने सहमति भएको वडाध्यक्ष नरेन्द्र थापाले बताउनु भयो।

सहमति पश्चात विद्यार्थीले कुनै पनि निकाय अगाडी आन्दोलन नगर्ने र शिक्षकहरुले नियमित पठन पाठन गराउने सहमति भएको अध्यक्ष थापाले बताउनु भयो। छलफलका क्रममा छानविन पछि दोषी देखिएकालाई कारवाही गरिने प्रतिवद्धता



जनाउँदै अध्यक्ष थापाले कसैको उक्साहटमा लागेर आन्दोलनमा नलाग्न सुझाव दिदै, केही समस्या भए सिधै आफुसँग राख्न आग्रह गर्नु भयो। सिर्जना बहिरा मा.वि फरक प्रकृतिको विद्यालय भएकाले त्यहाँको समस्या समाधानका लागि आफु गंभिर रहेको अध्यक्ष थापाले बताउनु भयो। छलफलमा वडा अध्यक्ष थापा, वडा सदस्य तिर्थबहादुर राजभाट, वडा शिक्षा समितिका चन्द्रबहादुर रानाभाट, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रकाशलाल श्रेष्ठ सहित सदस्यहरु, गण्डकी बहिरा संघका अध्यक्ष किसान तामाङ, उपाध्यक्ष पार्वती भूजेल, महासचिव विश्वमित्र भिरकोटी, सल्लाहकार सुर्यमोहन बराल, दोभासे अञ्जली सुनार, विद्यार्थी प्रतिनिधि भेषराज ढकाल, अमित सुनार, मलिना श्रेष्ठ, अभिभावक गौरादेवी पाईजा रिंकु मगर, हृदयकुमार श्रेष्ठ सहितको सहभागिता रहेको थियो।

विद्यालय प्रशासनले बिद्यार्थी विजय बि.क.लाई फसाएको, आफुहरुलाई सुरक्षा नभएको, पठन पाठनमा समस्या भएको, विद्यालयमा आर्थिक अनुशासन नभएको लगायतका समस्याहरु राख्दै आएको थिए। आफुहरुको माग सुनुवाई नभएको भन्दै विद्यार्थीहरुले बिगत दुई दिन देखी विद्यालयमा पठन पाठन ठप्प पारी संघर्षका कार्यक्रमहरु गर्दै आएका थिए।

## दरखाने दिनले माइती र चेलीलाइ पारिवारिक ममताले जोडोस् : प्रधानमन्त्री ओली


**रासस**
पोखरा, ९ भाद्र

प्रधानमन्त्री केपी शर्मा ओलीले दर खाने दिनको शुभकामना व्यक्त गर्नुभएको छ।

सामाजिक सञ्जालमार्फत सोमबार उहाँले शुभकामना व्यक्त गर्नुभएको हो। "आजको दिनले हामी सबै माइती र चेलीलाई प्रगाढ पारिवारिक ममताले जोडोस्, संस्कृतिको सुगन्धले जीवन भरिओस्",प्रधानमन्त्री ओली लेख्नुभएको छ, "तीजको दर खाने दिन। पूर्वीय समाजको संयुक्त परिवार संस्कृतिमा आधारित यस पर्वले विवाहित छोरी र माइतीबीचको पारिवारिक मिलापलाई प्रगाढ बनाउँछ।"

प्रधानमन्त्री ओलीले हिजोको समाजमा आजको जस्तो भौतिक सुविधा नभएको उल्लेख गर्दै हिजो एउटा गाउँबाट अर्को गाउँमा पैदल हिँडेर पुग्नुपर्ने बाध्यता रहेको स्मरण गर्नुभयो। "खोलानाला तर्ने पुल थिएनन्, खबर आदानप्रदान

बाँकी अन्तिम पृष्ठमा ▶▶

# जिएम समाज र ढुंगेदेउराली लामाचौर भलिबलको फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

जिएम समाज र ढुंगेदेउराली क्लब लामाचौर भलिबल प्रतियोगिताको फाइनल प्रवेश गरेका छन् ।

रोचक त के भने लिग चरणका समूह विजेता टिम सेमिफाइनलबाटै यात्रा टुंगाउन पुगे । सोमबार लामाचौर कप खुला पुरुष भलिबल प्रतियोगिताको पहिलो सेमिफाइनलमा आयोजकलाई सोझो सेटमै पराजित गर्दै जि.एम. समाज फाइनल पुगेको हो । समूह 'बि' को उपविजेता कावासोतीको जि.एम. समाज समूह 'ए' को विजेता आयोजक नवआदर्श सामुदायिक विकास समाजविरुद्ध फाइनल प्रवेशका लागि कोर्ट उत्रिएकोमा ३-० सेटमा सहजै हराउन सफल भएको हो । घरेलु दर्शकले आयोजकलाई हुटिङ गरे पनि जि.एम. समाजले २५-१३, २५-२० र २५-२० सेटमा खेल आफ्नो पक्षमा पारेको हो । म्यान अफ दि म्याच विश्वास अधिकारी घोषित भएको नेपाल भलिबल संघ केन्द्रीय उपाध्यक्ष यामबहादुर गुरुङले बताए । यसैगरी, दोस्रो




सेमिफाइनलमा स्याङ्जा पौवेगौडेको ढुंगेदेउराली क्लबले विभागीय एपिएफ पोखरालाई सोझो सेटमै पराजित गरी उपाधि नजिक पुगेको हो । एपिएफ समूह 'बि' को विजेता हुँदै सेमिफाइनल पुगेको थियो । समूह 'ए' को उपविजेता ढुंगेदेउराली हो । ढुंगेदेउरालीले पहिलो सेट २५-१९ जितेर अग्रता कायम गरेको थियो । बाँकी सेट २५-२३ र २५-१९ मा रोमाञ्चक जित हात पार्दै जि.एम. समाजसँग फाइनल सुनिश्चित गरेको हो । ढुंगेदेउरालीका लिफ्टर राजन दर्माली म्यान अफ दि म्याच घोषित भए । ६ टिमले भाग लिएको प्रतियोगितामा आयोजक र एपिएफ लिग चरणमा समान २-२ खेल खेल जितेर सर्वाधिक ६ अंकका साथ समूह विजेता हुँदै सेमिफाइनल खेलेका थिए । सोमबारकै लिग चरणमा आयोजकले ढुंगेदेउरालीलाई ३-१ सेटमा र एपिएफले जि.एम.समाजलाई ३-१ सेटमै हराएको थियो । माछापुच्छ्रे गाउँपालिका र कृष्णदल फूलबारी अंकविहीन हुँदै अघिल्लो दिन प्रतिस्पर्धाबाट बाहिरिएका थिए ।

फाइनल मंगलबार दिउँसो १ बजे हुनेछ । त्यसअघि, बिहान ११ बजे अन्तर मावि छात्रा भलिबलको फाइनल हुनेछ । जसमा टप्स र शान्ता मावि फाइनल प्रतिस्पर्धा गर्नेछन् ।

पुरुषतर्फ विजेताले ३ लाख र उपविजेताले १ लाख ५० हजार प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीलाई १० हजार दिइनेछ । अन्तरमावितर्फ विजेताले १ लाख र उपविजेताले ५० हजार तथा सर्वोत्कृष्ट खेलाडीले ५ हजार प्राप्त गर्नेछ । साथै, दुवै इभेन्टमा उत्कृष्ट विधामा आकर्षण पुरस्कार व्यवस्था छ । नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा संस्थाको २९ औं वार्षिक समारोह एवं तीज अवसरमा २७ औं संस्करणको लामाचौर तीज महोत्सव आइतबारदेखि सुरु भएको हो । मंगलबारसम्म संचालन हुने महोत्सवमा कलाकारको दैनिक प्रस्तुति, तीज गीत प्रतियोगिता, अन्तर विद्यालय लोक नृत्य प्रतियोगिता लगायत विविध कार्यक्रम भइरहेको क्लब अध्यक्ष दिनेश भण्डारीले बताए । महोत्सवमा औद्योगिक तथा व्यापारिक ५० स्टल राखिएको क्लब अध्यक्ष दिनेश भण्डारीले बताए । महोत्सवको अन्तिम दिन मंगलबार चर्चित कलाकार प्रकाश दूतराज, श्रीदेवी देवकोटा, राजु ढकाल, कृति गुरुङ लगायत कलाकारको प्रस्तुति हुनेछ ।

# परिवार नियोजन संघ कास्कीले सचेतनामूलक अभियान संचालन गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

नेपाल परिवार नियोजन संघ कास्कीले यौन तथा प्रजनन् स्वास्थ्य सम्वन्धी सचेतनामूलक अभियान संचालन गर्ने भएको छ ।

संघले चालु आर्थिक वर्षको असार मसान्तसम्म अभियान संचालन गर्ने नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नवीन सिग्देलले जानकारी दिनुभयो । अभियान १६ देखि २१ वर्ष उमेर समूहका किशोर किशोरीहरुका लागि लक्षित गरी कास्की जिल्लाका विद्यालय र कलेजमा संचालन गरिने छ । अभियान अन्तर्गत विभिन्न २४ स्थानमा कार्यक्रम गरिने छ । कार्यक्रमका लागि स्थानीय सरकारसँग सहकार्यको प्रयास गरिने सभापति सिग्देलको भनाइ छ । पछिल्लो समय युवाका लागि अति आवश्यक यौन तथा प्रजनन् स्वास्थ्य शिक्षाका बारेमा कार्यक्रम संचालन हुने क्रम घट्दै गइरहेको पाइएको छ ।

'लक्षित वर्गमा पुगेर प्रभावकारी रुपमा अभियान संचालन गरिने छ, नेपाल परिवार नियोजन संघ कास्कीका बरिष्ठ शाखा प्रवन्धक नब राज तिवारीले भन्नुभयो,-अभियानमा जोडिन हामी विद्यालय र कलेजहरुलाई आग्रह गर्दछौं ।'

पोखरा १२ उपकार मार्गमा रहेको नेपाल परिवार नियोजन संघ कास्की शाखाले परिवार नियोजनका सेवाहरु, सुरक्षित गर्भपतन, पुरुष बन्ध्याकरण, यौनजन्य संक्रमणको परामर्श तथा उपचार, बाँझोपनको परामर्श, पाठेघरको मुखको क्यान्सर परिक्षण, एचआइभी परिक्षण तथा परामर्श, सुरक्षित मातृत्व लगायत प्रजनन् स्वास्थ्य सँग सम्वन्धित सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

# प्यानलसहित मत मार्दै घरदैलोमा राजेन्द्र ओझाको टिम

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

लेखनाथ उद्योग बाणिज्य संघको अधिबेशन नजिकिदै गर्दा ब्यबसायीका नेताहरुले घरदैलो अभियानलाइ तिब्र पारेका छन् ।

उम्मेद्वारहरु मतदाता भेटघाट गर्ने र मत माग्ने क्रममा व्यवसायीको घरदैलोमा पुगिरहेका छन । लेखनाथ उद्योग वाणिज्य संघको भदौ २० र २१ गते हुने १५ औं अधिवेशनमा अध्यक्षको उमेद्वार राजेन्द्र ओझा नेतृत्वको प्यानलमा रहेका उम्मेद्वारहरुले घरदैलो अभियानलाई तिब्र पारेका हुन् । ओझाको प्यानलउद्योगी व्यवसायीको एकता, यसैमा संघको सफलता' भन्ने नारा सहित चुनाबी अभियानमा होमिएको छ । घर दैलोको क्रममा ब्यबसायीहरुले गरेको माया र आत्मियता देखेर ओझा चुनाब जित्नेमा बिश्वस्त देखिन्छन् । बिगतदेखि नै संघमा बिभिन्न पदमा बसेको र रोल क्रमको कारणले पनि ब्यबसायीले आफुलाइ जिताउने उनको दाबी छ ।

घरदैलोको क्रममा स्थानीय कृषिका उत्पादन, हस्तकला र घरेलु तथा साना उद्योगबाट उत्पादित सामाग्रीको प्रत्यक्ष



बिक्री र गुणस्तरीय बजार पूर्वाधार विकासमा ध्यान दिने योजना रहेको अध्यक्षका उम्मेद्वार ओझाले जानकारी दिएका छन । उनले सबै उद्योगी व्यवसायीको डिजिटल प्रोफाइल, नेटवर्किङ प्लेटफर्म, अनलाइन रजिष्ट्रेशन र ई-पेमेन्ट सजिलै उपलब्ध गराउने बताए । लेखनाथ क्षेत्रमा औद्योगिक क्षेत्र आवश्यक भएकोले त्यसका लागि पहल गर्ने उनको प्यालनले जोड दिने बताएका छन् । लेखनाथ उद्योग वाणिज्य संघको निर्वाचनमा वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओझाको नेतृत्वमा रहेको प्यालनबाट बरिष्ठ उपाध्यक्षमा उपेन्द्रराज सुबेदी 'राजु' प्रथम उपाध्यक्षमा मेनुका श्रेष्ठ, महासचिबमा जिबन तिवारी, उपमहासचिबमा लक्ष्मी प्रसाद ढुंगाना, कोषाध्यक्षमा टिकाराम सापकोटा रहेका छन् । कार्यसमितिको सदस्यहरुमा कृष्णप्रसाद सुबेदी, घनश्याम ढुंगाना, किशोर अधिकारी, नबराज पौडेल, सन्तोष हमाल, शिबराज अधिकारी, सुरेन्द्र गुरुङ,भीमप्रसाद सुबेदी 'सन्तोष', महिला सदस्यमा लक्ष्मी ठाकुर सुनार र सपना सुबेदी तिवारी, एसोसिएट सदस्यमा प्रवेश बन्जारा र संस्थागत सदस्यमा बिरभद्र कंडेल च्नावी मैदानमा उत्रिएका छन् ।

संघको महासचिब समेत रहेकी जानुका पराजुली अधिकारी अध्यक्षको उमेद्वार रहने गरि अर्को प्यानल घोषणा गरेर घर दैलोमा ब्यस्त छन् । चुनाब नजिकिंदै गर्दा यतिबेला दुवै समूह चुनाबी अभियानका क्रममा मतदाता ब्यबसायीहरुको घरदैलोमा पुगिरहेका छन । संघमा हाल २ हजार भन्दा बढी मतदाता रहेका छन

# अन्नपूर्ण केवलकारको विशेष तीज अफर विशेष छुट

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

नेपाली महिलाहरुको महान पर्व हरितालिका तिज पर्वलाई लक्षित गरी पोखराको अन्नपूर्ण केवलकारले बिषेश छुटमा केवलकार चढाउने भएको छ ।

अ न न प ू ण ा केवलकारमा पोखराको सेदिबगर देखि सराङ्कोटसम्मको केवलकार यात्रा गर्दा भोलि तिज पर्वको अवसरमा महिलाहरलाई २ सय ५० रुपैयामा जान आउने पाउने भएका छन् । त्यसै गरी गणेश चतुर्थीको पावन अवसरमा भदौं ११ गते मंगलबार नेपाली र भारतीय पर्यटक तथा दर्शनार्थीहरुलाई ५० प्रतिशतमा केवलकार चढाउने भएको अन्नपूर्ण केवलकार लिमिटेडका जनरल म्यानेजर दिनेश पौडेलले बताउनु भयो । सेतीबगर देखि सराङ्कोट जाने र आउने यात्रुको शुल्कमा मंगलबार ५० प्रतिशत छुटमा ३ सय ५० रुपैया नेपाली र भारतिय पर्यटकलाई ५० प्रतिशत छुट गर्दा ५ सय रुपैयामा केवलकारमा चढाइने भएको छ । केवलकारबाट पोखरा १८ फेवातालको किनार सेदीबगरबाट ८ देखि ९ मिनेटमै सराङ्कोट डाडाँमा पुग्न सकिन्छ । नेपालीहरुको लागि केवलकारमा जाने र आउने शुल्कः ७ सय रुपैया रहेको छ भने भारतीय पर्यटकहरुको हकमा १ हजार शुल्क निर्धारण गरिएको छ । २.४ किलोमिटर दुरीमा हाल उक्त केवलकारको लागि १८ वटा टावर रहेकाछन भने एक सामान वोक्ने सहित १८ वटै गुण्डला (डिब्बा) जडान भएको छ । प्रति डिब्बामा ८ जनाको सिट क्षेमता रहेको छ भने प्रति घण्टा ५ सय जना यात्रु ओहोर दोहोर गर्न सकिने भएको कम्पनीले जनाएको छ । केबलकारमा यात्रा गर्दा हिमाल, फेवाताल, हरियो वन जंगल तथा पोखराको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । त्यसै गरी सराङ्कोटमा सराङ्कोट धाम जहाँ ५१ फिट अग्लो गणेशको मुर्ति दर्शनको लागि हरेक मंगलबार नेपालीलाई २० प्रतिशत छुट, सराङ्कोट धाममा हरेक सोमबार महाआरती हुने हुँदा साँझ ४ बजे पछि यात्रुहरुको लागि २ सय ५० रुपैयामा केवलकारको यात्रा हुने भएको छ । हिजो आज दैनिक जसो २ सय जना मात्र यात्रुहरु केवलकार चढ्ने गरेको कम्पनीले जनाएको छ भने ३० जनालाई रोजगार दिएको छ ।

# ऐतिहासिक बाटुलेचौर तीज मेला शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

पोखराको बाटुलेचौरमा ऐतिहासिक तीज मेला २०८२ सोमबारदेखि शुरू भएको छ ।

तीज मेला व्यवस्थापन समितिले आयोजना गरेको मेलाको पहिलो दिन सोमबार भएको विद्यालय स्तरीय लोक नृत्य प्रतियोगितामा सुर्योदय बोडिङ्ग स्कुल प्रथम भएको छ ।

१० वटा विद्यालयले सहभागिता जनाएको प्रतियोगितामा सरस्वती आदर्श विद्याश्रम द्वितीय, प्रगति स्कुल तृतीय र विन्ध्यवासिनी माविले सान्त्वना स्थान प्राप्त गरेको प्रतियोगिताका संयोजक राम बहादुर बानियाँले जानकारी दिए। नेपाली नारीको सांस्कृतिक पर्व हरितालिका तीजको अवसरमा वडा कार्यालय, पोखरा १६ को समन्वयमा, तीज मेला व्यवस्थापन समितिको आयोजनामा स्थानीय बाटुलेचौरखेलमैदानमाऐतिहासिक बाटुलेचौर तीज मेलाक पोखरा महानगरपालिकाका उप मेयर मञ्जु कुमारी गुरुङले उद्घाटन गरिन्।

त्यस अवसरमा उप प्रमुख गुरुङले यस क्षेत्र कला, साहित्य र संस्कृतिको उद्गमस्थल भएको बताउँदै, यसको संरक्षण र जगेर्ना गर्न सबैको हातेमालो आवश्यक रहेको बताईन् । समितिका संयोजक राजकुमारी बानियाँको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा पोखरा १७ का वडाध्यक्ष राधिका शाही योगी, हिमालय क्लव महिला उपसमिति संयोजक इन्दु भट्टराई, अन्नपूर्ण मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष यमनकाजी गुरुङ, विन्ध्यवासिनी माविका अध्यक्ष सन्दीप थापा, कार्यक्रम संयोजक राम बहादुर बानियाँले बाटुलेचौरको तीज मेला ऐतिहासिक रहेको भन्दै यसको संरक्षणमा सबै जुट्नु पर्नेमा जोड दिए। विद्यार्थीको प्रतिभाको मुल्यांकन दिलिप गायक र सजिना गुरुङले गरेका थिए। कार्यक्रममा ख्याति प्राप्त लोक दोहोरी गायक रामजी पौडेल, कृष्ण सुवेदीका साथै सन्ध्या बिसी र गणेश ढकालले आफ्ना चर्चित गीत प्रस्तुत गर्दा दर्शक छमछमी नाचेका थिए। डान्सर सुरुची विकले तीज गीतमा उत्कृष्ट नृत्य प्रस्तुत गरेकी थिइन् । कार्यक्रमको सञ्चालन समितिका सदस्य भीम गायकले गरेका थिए । उद्घाटन अघि विहान महेन्द्र गुफा देखि मैदानसम्म प्रभातफेरी सहित २५ वर्ष उमेर माथिका महिला दौड सम्पन्न भयो। ४० जना महिला सहभागि दौडमा विष्णु खनालले ५ मिनेट ३ सेकेण्डमा दुरी पुरा गरी प्रथम भईन । त्यस्तै सम्झना गुरुङ द्वितीय,सविना बास्तोला तृतीय र बबिता गुरुङ, लक्ष्मी गुरुङ, चोखोमाया गुरुङ उत्कृष्ट भएको कार्यक्रम संयोजक उदिम बहादुर गुरुङले जानकारी दिए। दौडमा सहभागी ७५ वर्षिया दुर्गा केसी थापालाई विशेष प्रोत्साहन स्वरुप सम्मान गरिएको छ ।

दौडको उद्घाटन साविकको अर्मला गाविसका अध्यक्ष एवं पुरोहित कुलप्रसाद भट्टराईले गरे । त्यस अवसरमा तीजको स्वागत स्वरुप महेन्द्र गुफा देखि मैदानसम्म सडकपेटी र घर घरमा फुलको घडा राखेर स्वागत गरिएको प्रचार प्रसार संयोजक मोहन थापाले बताए ।

सो कार्यका लागि मैदान आमा समुह, जनजागरण आमा समुह र मैदान टोल विकास संस्थाले सहजीकरण गरेका थिए । मंगलबार मेलाको मुख्य आकर्षणको रुपमा समुहगत तीज गीत प्रस्तुती रहने छ ।

## दरखाने ...

गर्ने माध्यमहरू थिएनन् । तीजमा विवाहित दिदीबहिनीहरूलाई लिन जाने चलन थियो । पुरानो पारिवारिक र सामाजिक जीवनका कठिनाइहरू तीजका पुराना गीतमा पाइन्छन् । दर माइती घरमा नै खाने चलन थियो", उहाँले उल्लेख गर्नुभएको छ । प्रधानमन्त्री ओलीले आज संयुक्त परिवार संस्कृतिमा ठूलो परिवर्तन आएको बताउनुभएको छ । "सामाजिक व्यवस्थामा आएको परिवर्तनले महिलामा आत्मनिर्भरता र सशक्तीकरण बढिरहेको छ । त्यसैले दर खाने प्रचलनमा फेरबदल आएको छ । विवाहित छोरीसहित वर्षमा एक दिन भए पनि तीन पुस्तासम्म एउटै छानोमुनि बसेर दर खाँदै आत्मियता साट्ने अवसर हो", उहाँले भन्नुभएको छ ।

तीजको अघिल्लो दिन आज माइतीले चेलीबेटीलाई घरमा बोलाएर दर खुवाउने परम्परा छ । दरलाई तीजको व्रतको पूर्वतयारीको रूपमा लिइन्छ ।

# 'इम्बोस्ड नम्बरप्लेट लगाउने निर्णय कार्यान्वयन गर्न सकिँदैन'

**रासस**
काठमाडौं, ९ भाद्र

देशभरका यातायात व्यवसायीहरुको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले इम्बोस्ड नम्बरप्लेट लगाउने निर्णय तत्काल कार्यान्वयन गर्न नसकिने बताएको छ ।

महासङ्घका महासचिव डेकनाथ गौतमले आज प्रेस विज्ञप्ति जारी गरी देशभर रहेका यातायात कार्यालयमा इम्बोस्ड नम्बर प्लेट लगाउने प्रविधिको विकास नभएकाले तत्काल उक्त निर्णय कार्यान्वयन गर्न नसकिने बताउनुभएको हो । "नेपाल सरकारले सार्वजनिक तथा निजी सवारीमा अनिवार्य इम्बोस्ड नम्बर प्लेट लगाउने निर्णय गरी कार्यान्वयनमा जाँदा आमरुपमा विरोध पश्चात इम्बोस्ड नम्बर लगाउने कार्य स्थगित भएको अवस्थामा पुनः यसलाई लगाउने निर्णय न्यायोचित छैन", महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

महासङ्घले इम्बोस्ड नम्बर प्लेट लगाउने विषयमा सर्वोच्च अदालतबाट भएको फैसलालाई भने स्वागत गरेको छ ।

वर्तमान अवस्थामा इम्बोस्ड नम्बर लगाउन जाने सार्वजनिक सवारीका साधनका व्यवसायीले पुरानै नम्बरमा कर तिर्ने कागजपत्र नवीकरण गर्ने र इम्बोस्ड नम्बरको राजस्व मात्र लिएको र भौतिक पूर्वाधारविना राजस्व असुली गर्ने कार्य न्यायोचित नभएको हुँदा तत्काल जारी गरिएको सूचनालाई पुनःमूल्याङ्कन गर्न सरकारलाई आग्रह गरेको छ ।

## पोखरा ...

छ । 'क्लिन पोखरा, ग्रीन पोखरा' अभियान अन्तर्गत आइतबार सो ट्रेलको दायाँबायाँ करिव ४०० फलफूलका बिरुवासमेत रोपिएको छ । पोखरा महानगरको दुई लाख २६ हजार विरुवा लगाउने 'मेगा 'अभियान अन्तर्गत सो क्षेत्रमा आरु, आरुवखडा, एभोकाडो, आँप, अम्बा, लिची, कोइरालो, काइँयो, असारे, पलाँसलगायतका विरुवा रापिएका हुन् ।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# तीजको शुभकामना !

नेपाली हिन्दु महिलाहरुले मनाउने हरितालिका (तीज) अहिले सबैतिर बस्ने नेपाली महिलाको पर्व भएको छ। औशीबाट शुरु हुने तीज महिनाभरी हुन थालेको छातीजको व्रत बस्ने अघिल्लो दिन दर खाने दिन भएपनि अनुकूल समयमा खुवाउन थालिएको छामाइती पक्षले चेलीबेटीलाई बोलाएर दर खुवाउने परम्परा हो । दरको रुपमा दुधबाट बनेको शुद्ध परिकार खुवाउने चलन हो । अडिलो खानाको रुपमा दूध, ध्यु, मिठाइ र गहुँबाट बनेका परिकार खाने र रमाइलो गर्ने चलन हो । अहिले बजारले जे भन्छ त्यही चल्ने गरेको छापछिल्लो समय नेपाली महिलाहरुको साझा चाडमा बिकास हुँदै गइरहेको छ। हिमालय पर्वतकी छोरी पार्वतीले महादेव पति पाउँ भनी व्रत बसेको दिनलाई तीज हरितालिका मनाउन थालिएको किंवदन्ती रहँदै आएको छ। विवाहीता महिलाले पतिको दिर्घायूको कामना गर्दै ब्रत बस्ने र विवाह नभएकाले सुयोग्य वर पाउँ भनी व्रत बस्ने गरिएको तीज अहिले महिलाहरुले आफ्नो अधिकार र मनोरञ्जनको रुपमा लिन थालेका छन्। समय अनुसार तीज फेरिदै गएको छ। सबैले महिलालाई दर खुवाउने र विभिन्न क्षेत्रमा योगदान दिएका महिलाई सम्मान गर्न थालेका छन् । त्यही भएर तीजको महत्व झन् बढ्दै गएको छ।

तीजलाई महिलाहरु माथि भएका भेदभाव र अन्यायका विरुद्ध गीतको माध्यमबाट आवाज उठाउने, महिला जागरण र सचेतना फैलाउने चाडको रुपमा पनि लिने गरिएको छ । पछिल्लो समय महिला अधिकारका पक्षमा तीजका माध्यमबाट महिलाहरु संगठित गर्ने कामसंगै महिलाहरु पनि आर्थिक रुपले सम्पन्न हुदै गएका छन् भन्ने सन्देश दिन भोजभतेर, गहना र कपडाको प्रदर्शन गर्ने अवसर पनि बन्दै गएको छ। तीज सांस्कृतिक पर्व भन्दा व्यावसायिक बन्दै गएको छ। नेपाली महिलाहरुले मनाउँदै आएको हरितालिका तीज पछिल्लो समय व्यापारतर्फ उन्मुख भएको छ। तीजलाई व्यापारको माध्यम नबनाउन स्थानीय प्रशासनले सूचना जारी गर्दा चर्को विरोधको सामना गर्नुपर्ने अवस्था आएको छ । तीज आउनु भन्दा धैरै अगाडिदेखि होटल, पार्टी प्यालेस र रेष्टुराहरुमा गएर मनाउने चलन बढेर गएको छ । हरेक कार्यालय, संघ, संस्था, राजनीतिक दल, भातृ संस्था, प्रतिष्ठान, जातीय संघ, संगठनले तीजको दर खुवाउने चलन शुरु भएको छ।

अन्य चाड पर्व खुम्चने तर तीज फैलिएको छ । संसारका जुनसुकै ठाउँमा पुगेका नेपालीले तीज पर्व मनाउने गरेका छनानेपालमा भन्दा बढी विदेशमा तीज मनाउन गायक, गायिका र कलाकार बोलाएर मनोरञ्जन गर्ने र सांस्कृतिक महत्त्व दर्शाउने काम गरेका छनाशहरबजारमा तीज आउनु भन्दा धैरै अगाडि महंगा पहिरन सकि नसकि किन्नुपर्ने, सारी, गहना देखाएर मनाउने चलन बढेको छ । अब स्कुलको शुल्क, छुट्टयाए जस्तै तीज खर्च छुटट्याउनु पर्ने भएको छासामाजिक संजालमा जोडिन, भिडियो बनाउने, टिकटक बनाउने, यू ट्यूवमा भ्युअर्स बढाउनेले कमाउने मौका पाएका छन् । उत्पादकहरुले आफ्ना वस्तु विक्रीको माध्यम तीज बनाउन थालेका छन् । तीजलाई मौलिक सांस्कृतिक पर्व बनाउन लाग्नुपर्नेहरु नै होटल, रेष्टुरा पार्टी प्यालेसहरुमा बोलाएर भोज भतेर गराउने गरेका छना दिदीबहिनीहरु माइतमा भेट भएर सुख दुःखका कुरा साटासाट गर्ने अधिकारका बारेमा सचेत पाने बेला पनि हो । कुन संस्थाले सम्झ्यो, कुन संस्थाले सम्मान गयो भन्ने रुपमा हेर्न थालिएको छ। अरुबाट प्रायोजन गरेर आ आफ्नो संस्थाले दर खुवाएको र महिलालाई सम्मान गरेको नाटक मञ्चन गर्न थालेका छन् ।

तीजमा महिलालाई सम्मान गर्ने, महिला अधिकारको कुरा गर्ने र प्रोत्साहन गर्नु स्वागतयोग्य छ। तर आफ्नै संस्थामा नेतृत्व दावी गर्दा खुट्टा तान्ने, मर्यादा नगर्ने प्रबृत्ति हटाउने वाचा गर्नुपने वेला आएको छ । तीजका अवसरमा गरिएका गतिविधि देखावटी होइन भन्ने देखाउन ब्यवहारिक रुपमा समान अधिकार, समान सहभागिता, महिला अधिकार र असमानता हटाउन लाग्नु पर्दछ । नेपाली महिलाहरुको सांस्कृतिक पर्व तीजलाई विकृति र विसंगति हुन नदिन महिला अधिकारवादी र महिला संघ संगठनहरु लाग्नुपर्दछ। चाडपर्वलाई सबैले सहजरुपमा मनाउन सक्ने अवस्था हट्दै गएको छ । चाडपर्व महंगो र भड्किलो बन्दै गएको छ । तीजलाई महिलामाथि हुने भेदभाव र कुसंस्कार विरुद्ध अधिकार प्राप्ति र दिदीबहिनीहरु बिचको मिलनको चाडको रुपमा विकास गर्न आवश्यक छ। तीजको सबै महिलालाई शुभकामना !


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पशुवस्तुलाई पौष्टिक आहार खुवाउन साइलेज उद्योग स्थापना

**पोखरापत्र संवाददाता**
तनहुँ, ९ भाद्र

जिल्लाको भिमाद नगरपालिका-६ मालेबगरमा साइलेज उद्योग सञ्चालनमा आएको छ । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमअन्तर्गत भिमाद नगरपालिकाले साझेदारीमा साइलेज उद्योग स्थापना गरेको हो ।

गण्डकी प्रदेश सरकारको ७० र नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा उद्योग स्थापना भएको नगरपालिकाका नायब पशु स्वास्थ्य प्राविधिक सुदीप गैह्रेले जानकारी दिनुभयो । रु ५६ लाख १८ हजार ७७१ को लागतमा उद्योग स्थापना गरिएको छ । उहाँका अनुसार उद्योगमा संरचना निर्माणका लागि रु २२ लाख १८ हजार ७७१ खर्च भएको छ भने उपकरण जडानमा रु ३४ लाख खर्च भएको छ।

किसानले पालेका पशुवस्तुलाई पौष्टिक आहारयुक्त घाँस खुवाउने उद्देश्यसहित साइलेज उद्योग स्थापना गरिएको गैह्रेले बताउनुभयो । नगर पशुपालनका लागि प्रशस्त सम्भावना भएको क्षेत्र भएकाले यहाँका कृषकले पालेका पशुवस्तुलाई पौष्टिक आहारयुक्त आहारको अभाव नहोस् भन्ने उद्देश्यले उद्योग स्थापना गरिएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "हिउँदको समयमा पशुलाई खुवाउन तराई, मधेस र भारतबाट पराल आयात गरेर ल्याउनुपर्ने बाध्यता छ। वर्षायाममा नेपियर, मकैलगायत घाँस खेर जाने र हिउँदमा पैसा तिरेर ल्याउनुपर्ने बाध्यताको अन्त्य गर्न यस उद्योगले सहयोग पुग्नेछ ।" डाँठ भएका घाँसलाई साइलेज बनाएर पशुलाई खुवाउँदा पशुको वृद्धिविकासका लागि उपयोगी हुने पशु स्वास्थ्य प्राविधिक गैह्रेले विश्वास व्यक्त गर्नुभयो । "घाँसलाई चापकटरको माध्यमबाट काटिन्छ र 'व्यारलमेसिन'मा हालेर प्लाष्टिकले बेरी साइलेज उत्पादन गरिन्छ", उहाँले भन्नुभयो, "साइलेज बनेको ६० दिनभित्र खुवाउन उपयुक्त हुन्छ। हिउँदको समयमा पर्याप्त घाँस नहुने भएकाले वर्षायामको घाँस सदुपयोग गरी हिउँदमा किसानलाई उपलब्ध गराउँछौं ।" दुधिलो मकैबाट साइलेज बनाएमा दाना, कुडो कटौती गरेर खुवाउन सकिने उहाँको भनाइ छ। गैह्रेका अनुसार दुहुना गाईभैंसी, बाख्रा, बङ्गुर, माछालाई पनि साइलेज खुवाउन सकिन्छ। साइलेज उद्योग सञ्चालनको जिम्मेवारी भिमाद कृषि उद्यम सहकारी संस्थाले पाएको छ। नगरपालिकाभित्र रहेका विभिन्न सहकारीसँग आवेदन माग गरेकामा उक्त सहकारीले सञ्चालनको जिम्मा पाएको हो । उद्योग सञ्चालनका लागि नगरप्रमुख दधिराज सुवेदीको संयोजकत्वमा निर्देशक समिति गठन गरिएको छ । उद्योग सञ्चालनबाट भएको नाफा सहकारी र नगरपालिकालाई ५०/५० प्रतिशत बाँडफाँट गर्ने सम्झौता भएको छ । यहाँका किसानले घाँस, मकै ल्याई साइलेज बनाएर लैजान सक्नेछन् भने किसानले उत्पादन गरेका घाँस उद्योगमा ल्याएर बिक्री गर्नसक्ने व्यवस्था गरिएको सहकारीका अध्यक्ष नारायणप्रसाद पौडेलले जानकारी दिनुभयो । त्यस्तै तयारी भएको साइलेज खरिद गर्नसक्ने समेत व्यवस्था मिलाइएको छ।

किसानले मकैको बोट ल्याएर बिक्री गर्दा प्रतिकिलो रु आठ प्राप्त गर्नेछन् भने नेपियरको प्रतिकिलो रु चार मूल्य निर्धारण गरिएको छ । आफैं बनाएर लैजानुपर्दा प्रतिकिलो रु पाँच तिर्नुपर्दछ। तयारी साइलेज खरिद गर्नुपर्दा नेपियरको साइलेज प्रतिकिलो रु १२ र मकैको प्रतिकिलो रु १६ मूल्य निर्धारण गरिएको छ।

भिमाद-५ का भैंसीपालक कृषक मेघराज मरासिनीले हिउँदको समयमा घाँस अभाव हुँदा साइलेजको प्रयोग गर्न सकिने भएपछि कृषकलाई फाइदा पुग्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हिउँदमा हरिया घाँस पाइँदैन । तराईबाट ल्याएको परालमा भर पर्नुपर्ने बाध्यता छ । साइलेजले गर्दा हरियो घाँसको मात्रा र आफ्नै घाँस प्रयोग गर्न सकिने हुँदा धेरै सजिलो हुने भयो ।" साइलेज पशुवस्तुका लागि पौष्टिक आहार हुने भएकाले कृषकका लागि उपयोगी हुने उहाँको भनाइ छ।

# नदीले बगाएर एक बेपत्ता, एक जनाको उद्धार

**पोखरापत्र संवाददाता**
दमौली, ९ भाद्र

यहाँको देवघाट गाउँपालिका-५ बुद्धचोकस्थित त्रिशूली नदीमा पौडी खेल्ने क्रममा सोमबार एक जना बेपत्ता भएका छन् ।

नदीले बगाएका अर्का एक जनाको उद्धार गरिएको छ । पौडी खेल्ने क्रममा चितवनको भरतपुर महानगरपालिका-१५ फूलबारी बस्ने १३ वर्षीय कुशल ढकाल र भरतपुर महानगरपालिका-१६ मङ्गलपुर बस्ने १७ वर्षीय कृष्ण लामिछानेलाई नदीले बगाएको थियो। बगाएकामध्ये कुशल ढकाललाई स्थानीय सोमबहादुर बोटेले उद्धार गरेका हुन् भने कृष्ण लामिछाने बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी निरीक्षक आशिष विश्वकर्माले जानकारी दिनुभयो ।

बेपत्ता लामिछानेको खोजी भइरहेको उहाँले जानकारी दिनुभयो। बेपत्ताको खोजीका लागि १७ नम्बर गण आँपटारी चितवनबाट गोताखोरसहितको टोली खटिएको छ। ती दुई किशोर दिदीबहिनीका छोराहरु हुन् । उनीहरु मामाघर आएका थिए।


# अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**पहिलो पटक प्रकाशित मिति २०८५/०५/१० (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८२/०३/१३ गते ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८२/०४/१८ गते ऋण चुक्ता गर्न आउने बारे १५ (पन्ध्र) दिने सूचना समाधान राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८२/०५/०२ गते ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मितिसम्म उक्त ऋण चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदा गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हालसम्मको साँवा ब्याज समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले ३६औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयं र व्यक्तिगत धनजमानतकर्ताहरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवम् लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरिलिन सकिनेछ।

**तपसिल**

| ऋणी सदस्यको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो | धितो विवरण |
|---|---|---|---|---|
| **नाम : सुरेन्द्रमणी पौडेल**<br>जन्म मिति : २०४३/०३/२६<br>ना.प्र.न. : ४६१४८९४१<br>जारी मिति : २०६१/०४/१३ कास्की<br>बाब : सूर्यमणी पौडेल<br>बाजे : देवी प्रसाद पौडेल<br>ठेगाना : लेखनाथ ६<br>हाल : पोखरा-२६,<br>सम्पर्क नं : ९८५६०२९३०८ |  | **नाम : सुर्यमणी पौडेल**<br>बाबु : देवी प्रसाद पौडेल<br>ठेगाना : साविक लेखनाथ ६<br>हाल : पोखरा-२६ |  | **श्री सुरेन्द्रमणी पौडेल**को नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला साविक शिशुवा वडा नं -८ स्थित कित्ता नं ३९९९ को क्षेत्रफल ०-९-३-२ वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण । |

**धितो विवरण**

श्री सुरेन्द्रमणी पौडेलको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता श्रेष्ता कायम रहेको कास्की जिल्ला साविक शिशुवा वडा नं -८ स्थित कित्ता नं ३९९९ को क्षेत्रफल ०-९-३-२ वर्ग मि. जग्गा लगायत लिगलगापात समेत सम्पूर्ण।

लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुने छ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबै भन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नु पर्ने छ।
८. सूचना प्रकाशित भएको मितिले ३६ औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रित पूर्वक भरि संस्थामा बुझाउनु पर्ने छ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्त्रण गर्दा लाग्ने नेपालसरकारको दस्तुर रजिष्टेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नु पर्ने छ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च ऋणी स्वंमले ब्यर्होनु पर्नेछ।
१२. सहकारी ऐन, संस्थको विनियम तथा ऋण लगानी तथा असुली निती अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलीत कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफुले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चल अचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**

प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.

फोनः ०६१-५७३३७५, ५७२२३६

# दूध उत्पादनमा प्रोत्साहनका लागि नगद अनुदान

**पोखरापत्र संवाददाता**
गोरखा, ९ भाद्र

गोरखाका पशुपालक किसानलाई दूध उत्पादनमा प्रोत्साहनका लागि नगद अनुदान उपलब्ध गराइने भएको छ । भेटरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र गोरखाले उत्पादनका आधारमा किसानलाई प्रति लिटर रु ५ अनुदान उपलब्ध गराउने गरी बजेट विनियोजन गरेको केन्द्रका प्रमुख वरिष्ठ पशु चिकित्सक डा अनन्त कोइरालाले जानकारी दिनुभयो ।

उहाँका अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि दूधमा अनुदान उपलब्ध गराउन रु १५ लाख बजेट विनियोजन गरेको छ । ''जिल्लालाई दूधमा आत्मानिर्भर बनाउन किसानलाई प्रोत्साहन गर्दै जाने उद्देश्यसहित नगद अनुदान कार्यक्रम सञ्चालन गरिएको हो, प्रमुख कोइरालाले भन्नुभयो,''यसले किसानलाई थप सहयोग पुग्नेछ ।''

कार्यक्रमले किसानलाई पशुपालनतर्फ आर्कषित गर्न मद्दत पुग्ने उहाँको भनाइ छ ।

''केन्द्रमा सहकारी संस्थालाई सूचीकृत गरेर सूचीकृत भएका सहकारी संस्थामार्फत उत्पादित दूध बिक्री गर्ने कार्यविधि छ, प्रमुख कोइरालाले भन्नुभयो, ''थोरै दूध उत्पादन गर्ने किसानले पनि सङ्गठित रुपमा काम गर्न सकोस् भन्ने उद्देश्यसहित सहकारीमार्फत काम गराउने व्यवस्था गरिएको हो ।''सहकारीमार्फत सङ्कलन र बिक्रीको व्यवस्था गर्दा साना किसानले पनि घरघरमा उत्पादित दूध बजारसम्म पुऱ्याउन सक्ने र अनुदान कार्यक्रमबाट लाभ लिनसक्ने उहाँले बताउनुभयो । गोरखा नगरपालिका, पालुङटार नगरपालिका, सिरानचोक गाउँपालिकामा दूध उत्पादन राम्रो हुने गरेको पाइन्छ ।

केन्द्रले पशुपक्षी तथा मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत दूध उत्पादनमा अनुदान कार्यक्रम सञ्चालन गरेको हो ।

कार्यक्रम अन्तर्गत यसवर्ष जिल्लामा तीन लाख लिटर दूधलाई अनुदान दिन सकिने केन्द्रले जनाएको छ ।

त्यस्तै सूचीकृत भएका सहकारी संस्थाले न्यूनतम दुई सय लिटर दूध सङ्कलन तथा बिक्री गर्नुपर्ने व्यवस्था गरिएको छ । 'केन्द्रले सहकारीमार्फत किसानलाई नगद अनुदान उपलब्ध गराउने हो ।''

# माइक्रोबस दुर्घटनामा २३ जना घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

कास्कीमा माइक्रोबस दुर्घटना हुँदा चालकसहित २३ जना घाइते भएका छन् । पोखरा महानगरपालिका-१३आर्वास्थित मङ्केल्नाको ओरालोमा सोमबार उक्त माइक्रोबस दुर्घटना भएको हो ।

आर्वाको मणिदीपबाट काहुँखोलातर्फ आइरहेको ग १ ख ४०२७ नम्बरको माइक्रोबस दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो । घाइतेको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भइरहेको छ ।

यात्रु लिएर काहुँखोलातर्फ आउँदै गरेको माइक्रोबस मङ्केल्नाको घुम्तीको ओरालो सडकको दायाँतर्फको भित्तामा ठोक्किएको हो । घाइतेको अवस्था सामान्य रहेको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानले जनाएको छ । पोखरा-१३ की ५५ वर्षीया जमुना बराल र ५२ वर्षीया कोपिला बराललाई बढी चोट लागेको प्रहरीले जनाएको छ ।

# ओझेलमा छ सुन्दरताले भरिपूर्ण दिज गाउँ

**पोखरापत्र संवाददाता**
बागलुङ, ९ भाद्र

वरिपरि घना जङ्गल । छेउमै सुसाउने उत्तरगङ्गा नदी । नदी किनारमा छ दिज गाउँ । काठै काठले सजाइएका घर र गाउँले जनजीवन । यही दृश्यले आकर्षित गरिरहेको छ आगन्तुकलाई ।

जोडिएर बनेका काठका मौलिक घर र स्थानीयको रहनसहन अझ चाखलाग्दो छ । ढोरपाटन उपत्यकाभन्दा केही पर रहेको दिज गाउँ पर्यटनको सम्भावना भए पनि बत्ति मुनीको अँध्यारो बनेको छ । गाउँको मौलिक संस्कृति, भेषभूषा र रहनसहनले यहाँ पुग्ने पर्यटकलाई लोभ्याउने गर्छ । तर विकास र प्रचारप्रसार अभावमा यो गाउँ ओझेलमै छ । ढोरपाटन नगरपालिका-९ स्थित दिज गाउँ प्राकृतिक सुन्दरताले भरिएको छ । ढोरपाटन-निसेलढोर सडक खण्डको पारी पट्टी रहेको दिज गाउँमा विस्तारै विकासले गति लिन थालेको छ ।

तर प्रचारप्रसार कत्ति पनि हुन सकेको छैन । प्रकृति र मौलिकतासँग साइनो गाँस्न चाहनेका लागि त योभन्दा अरु गन्तव्य बिरलै छन् । गाउँको मौलिकता र सुन्दरतालाई बाहिर प्रचार गर्न नसक्दा आगन्तुक दिज गाउँ पुग्न नसकेको ढोरपाटन नगरपालिका-९ का अध्यक्ष खिमबहादुर घर्ती मगरले बताउनुभयो । लामो समयसम्म स्वास्थ्य, शिक्षा, खानेपानी र विद्युत्‌लगायतका पूर्वाधार नजोडिएको यस गाउँमा स्थानीय सरकार आएपछि विस्तारै विकास हुन थालेको उहाँको भनाइ छ ।

दिजलाई पर्यटकीय गाउँ बनाउनका लागि नगरपालिकाले नीति बनाएर काम सुरु गरेको अध्यक्ष घर्ती मगर बताउनुहुन्छ । "यो पर्यटनका लागि भर्जिन गाउँ हो, पर्यटकसँग जोड्न नगरपालिकाले नीति बनाउँदै छ, गाउँलाई घरबास (होमस्टे)का रूपमा विकास गर्ने र स्थानीयलाई आय आर्जनसँग जोड्ने प्रयास गरिरहेका छौँ," अध्यक्ष घर्तीमगरले भन्नुभयो, "स्थानीय उत्पादनलाई बढाउने र बजारीकरणलाई ध्यान दिएका छौँ ।" दिज गाउँमा अहिलेसम्म सडक पुगेको छैन । स्थानीयले बजारबाट बोकेरै उपभोग्य सामान ढुवानी गर्नुपर्ने बाध्यता छ । ढोरपाटन सिकार आरक्षले अवरोध गर्दा गाउँमा सडक नजोडिएको स्थानीय बताउँछन् । यो गाउँमा अहिलेसम्म काठैकाठका बाहेक अन्य वस्तुले बनेका घर छैनन् । विस्तारै विकासले गति लिन थालेको स्थानीय मनबहादुर घर्तीले बताउनुभयो । पहिलेदेखिनै समय-समयमा फाट्टफुट्ट पर्यटक आउने गरे पनि धेरै सङ्ख्यामा भित्र्याउन नसकेको उहाँको भनाइ छ ।

यस क्षेत्रमा हिउँदको बेला बढी चिसो हुने हुँदा बर्खाको समयमा पर्यटक आउने गर्छन् । पछिल्लो समय निसेलढोर जाने पर्यटक दिज गाउँ पस्ने गरेका छन् । गर्मी छल्न ढोरपाटन आउने पर्यटक घुम्दैफिर्दै दिज गाउँ आउने गरेका छन् ।

गाउँमा आइपुग्न उत्तरगङ्गा नदीमा काठे साँघु बनाइएको छ । यो पुल हेर्नका लागि पनि पर्यटक दिज आउने गर्छन् । गाउँ निकै सुन्दर भए पनि बास बस्न व्यवस्थित ठाउँ नहुँदा ढोरपाटनमै आउनु परेको भैरहवादेखि आउनुभएका कुशलराज बेलवासेले बताउनुभयो । "हाम्रो नेपालमा पनि यति सुन्दर ठाउँ छन्, तर यी ठाउँमा अहिलेसम्म विकास नपुग्दा ओझेलमा परेका छन्, मलाइ त ढोरपाटनभन्दा दिज गाउँ धेरै राम्रो लाग्यो तर बस्नका लागि समस्या रैछ," उहाँले भन्नुभयो, "राज्यले सडकलगायत अन्य पूर्वाधार विकास गरेमा भविष्यमा पर्यटकीय सम्भावना छ, गाउँका नागरिकलाई शिक्षित र व्यावसायिक बनाउनु पर्ने जरुरी देखियो, यहाँ आउँदा साँच्चिकै गाउँघरमा आएको महशुस भयो ।"

# यु १४ छात्र तथा छात्रा विद्यालयस्तरीय फुटबल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, ९ भाद्र

आगामी विहीबारदेखि पोखरा रंगशालामा विद्यालयस्तरीय यु १४ छात्र तथा छात्रा फुटबल प्रतियोगिता शुरु हुदैं छ । कास्की जिल्ला फुटबल संघको आयोजनामा हुने प्रतियोगितामा छात्रा तर्फ ६ र छात्र तर्फ २४ विद्यालयले सहभागिता जनाउने छन् ।

यही भदौ १२ गतेदेखि हुने विद्यालयस्तरीय यु १४ छात्र फुटबल प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिएको छ । सोमबार कास्की जिल्ला फुटबल संघले छात्र तर्फ सहभागि विद्यालयको खेल तालिका सार्वजनिक गरेको हो । छात्रा तर्फको खेल तालिका भने १७ गते देखि शुरु हुने छ । लिगचरणको खेल सकिएपछि छात्राहरुको खेल शुरु गरिने कास्की जिल्ला फुटबल संघले जनाएको छ ।

लिगकम नकाउटको आधारमा सञ्चालन हुने प्रतियोगिताको सार्वजनिक गरिएको खेल तालिका अनुसार पहिलो खेल गुरुकुलले शिशुकल्याण माविसँग खेल्ने छ । भदौ १२ गते पोखरा रंगशालाको मुख्य मैदानमा दिउँसो १ बजे हुने छ । कास्की जिल्ला फुटबल संघका अध्यक्ष उज्वल रन्जितका अनुसार सहभागिता जनाएका २४ विद्यालयले लिगकै आधारमा प्रतिस्पर्धा गने छन् । लिगचरणका खेलहरु भदौ १५ गतेसम्म सञ्चालन हुने छ । संघले प्रतियोगिताको लागि रंगशालाभित्रका दुवै फुटबल मैदानको उपयोग गर्ने छ । छात्र तर्फ समूह एमा बालकल्याण बोर्डिङ स्कुल,भद्रकाली मावि, स्नोभ्यु र शान्तिदिप रहेका छन् । समूह बीमा सैनिक आवासिय, कुमुदिनी होम्स, हेम्जा बोर्डिङ र सृजना सेकेण्डरी स्कुल रहेका छन् । समूह सीमा सोसल पब्लिक, फिष्टेल एकेडेमी, त्रिभुवन शान्ति नमूना र डायमण्ड बोर्डिङ छन् । समूह डीमा शिशुकल्याण, अल्फा बोर्डिङ, बालोदय बोर्डिङ र सिद्धीविनायक रहेका छन् । समूह ईमा कालिका मावि,सगरमाथा निकेतन, रिलायन्स पब्लिक र गण्डकी बोर्डिङ रहेका छन् । त्यस्तै समूह एफमा शान्तिनिकुञ्ज, शिशकल्याण मावि, गुरुकुल स्कुल र बेसलाईन बोर्डिङ स्कुल रहेका छन् ।

छात्रा तर्फ ६ विद्यालय सहभागिता जनाएको छ । छात्राहरुको खेल तालिका पनि संघले सोमबार नै साँझ मात्रै सार्वजनिक गरेको हो । सार्वजनिक गरिएको खेल तालिका अनुसार भदौ १७ गते विहान ८ बजे त्रिभुवन शान्ति नमूना माविले सेन्टमेरिज स्कुलसँग प्रतिस्पर्धा गने छ । सोही दिन विहान ९ बजे नै बेसलाईन एकेडेमीले सैनिक आवासिय माविसँग खेल्ने छ ।

प्रतियोगितामा छात्र तर्फ विजेताले नगद ५० हजार, उपविजेताले २५ हजार रुपैयाँ प्राप्त गने कास्की जिल्ला फुटबल संघले जनाएको छ । छात्रा तर्फको विजेताले नगद २० हजार र उपविजेताले १० हजार रुपैयाँसहित ट्रफी प्रदान गरिने संघले जनाएको छ ।

प्रतियोगितालाई बंगलादेशीय फुड उत्पादक कम्पनी प्रान, सहारा क्लब पोखराले नगद एक लाख रुपैयाँ, एबीज इन्जिनियरिङले ५० हजार रुपैयाँ लगायत अन्य संघसंस्थाले सहयोग गरेको छ । पोखरा महानगरपालिका प्रवर्द्धक, प्रदेश खेलकुद परिषद गण्डकीले विशेष सहयोगी भूमिका खेलेको छ ।


# सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०५/१० (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले चल अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जना व्याज र अन्य दै-दस्तुर रकम समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत तिर्नु बुझाउनु पर्ने रकम नबुझाउनु भएको हुँदा मिति २०८२/०४/०५ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्वन्धी ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरि जानकारी गराउदा समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने बक्यौता रकम चुक्ता गर्न नआउनु भएकोले पुनः दोस्रो पटक ऋण चुक्ता गर्ने सम्वन्धी १५(पन्ध) दिने यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला । अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण वापत लेखि लेखाई दिएको श्रीसम्पति सहकारी ऐन, नियमावली तथा संस्थाको ऋण असुली नीति र नेपालको प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी सस्थाको लेना रकम असुल उपर गर्ने ब्यहोरा यसै सूचनाद्धारा जानकारी गराइन्छ। धितो सुरक्षण अपर्याप्त हुन गई कर्जा असुली हुन नसकेकोमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको एकाघरको हक लाग्ने चल अचल सम्पतिबाट समेत कर्जा असुल उपर गर्न कारबाहि प्रक्रिया अगाडि बढाइने व्होरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। साथै नियमित किस्ता नभएका अन्य ऋणी सदस्यहरुले नियमित किस्ता तिर्न यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र सं. | ऋणी सदस्यको विवरण | ऋणीको फोटो | जमानीको विवरण | जमानीको फोटो |
|---|---|---|---|---|
| १. | सदस्यता नं. : १९०४<br>**नाम : बिकाश भट्राई**<br>जन्म मितिः : २०५३।०३।३०<br>ना.प्र.नं. : ४६-०१-७३००००९ कास्की<br>जारी मितिः : २०७३-०१-०२<br>बाबुः : भिम प्रसाद भट्राई<br>बाजे/ससुरा : कर्णखर भट्राई<br>ठेगाना : साविक कास्कीकोट ०४ कास्की<br>हाल : पोखरा २४ कास्की<br>सम्पर्क नं. : ९८५६०५६२०५ |  | **नामः : भिम प्रसाद भट्राई**<br>ना.प्र.नं. : ९२०८८<br>जन्म मितिः : २०२२-०१-०५<br>जारी मिति. : २०५६-०७-२९ कास्की<br>बाबुः : कर्णखर भट्राई<br>बाजेः : काले प्रसाद<br>ठेगानाः : साविक कास्कीकोट ०४ कास्की<br>हाल : पोखरा २४, कास्की<br>सम्पर्क नं : ९८४१५१९२४५ |  |
| **धितो विवरण**: श्री बिकाश भट्राईको नाममा रहेको कास्की जिल्ला साबिक कास्कीकोट गा.बि.स. वडा नं. ९ स्थित कित्ता नं. ७५८ क्षेत्रफल ४-२-२-० रोपनी | | | | |
| २. | **नाम : विष्णुमाया वि.क.**<br>जन्म मिति : २०१८/०४/२५<br>ना.प्र.नं. : १४४२४२<br>जारी मितिः : २०६०/१०/१३<br>बाबु : टेक बहादुर विश्वकर्मा<br>पति : बाबुराम विश्वकर्मा<br>ससुरा : भिम बहादुर वि.क.<br>ठेगाना : पोखरा-१३<br>हाल : पोखरा-१३<br>सम्पर्क नं : ९८०६६८१७९९ |  | **नाम : आरती वि.क.**<br>जन्म मिति : २०४६/१०/१४<br>ना.प्र.नं. : ४६१००६/१७७३<br>जारी मिति : २०६८/०५/२७<br>बुबा : बाबुराम विश्वकर्मा<br>पति : जयराम वि.क.<br>ससुरा : धनराज कामी<br>ठेगाना : पुम्दीभुम्दी-७<br>हाल : पोखरा-२२<br>सम्पर्क नं : ९८१९१५४८८०<br><br>**नाम : सन्दीप सुनार**<br>जन्म मिति : २०५४/१०/१४<br>ना.प्र.नं. : ५०-०१-७२००७६९<br>जारी मितिः : २०७२/०२/२१<br>बाबु : राजु वि.क.<br>बाजे/ससुरा : टेक बहादुर सुनार<br>ठेगाना : बाग्लुङ-११<br><br>**नाम : अशोक वि.क.**<br>जन्म मिति : २०३९/१९/१२<br>ना.प्र.नं. : १४४३१५<br>जारी मितिः : २०६०/१०/१५<br>बाबु : बाबुराम विश्वकर्मा<br>बाजे/ससुरा : भिम बहादुर वि.क.<br>ठेगाना : पोखरा-१३<br>सम्पर्क नं : ९८०६६८३०५५ |  |
| **धितो विवरण**: कास्की जिल्ला पोखरा म.न.पा वडा नं. -१३ कित्ता नं. ७२ क्षेत्रफल १०१ वर्गमिटर। | | | | |
| ३. | सदस्यता न : २०९५<br>**नाम : चिनुमाया राना**<br>जन्म मिति : २०३८।११।१४<br>ना.प्र.नं. : ४६१००१२३५१<br>जारी मितिः : २०६४।०९।०४<br>बाबु : भुबन बहादुर खवास<br>पति : सुमन राना<br>बाजे/ससुरा : गगन सिंह<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८४५५३३८३४ |  | **नाम : अप्सरा राना**<br>जन्म मिति : २०५८।०१।०९<br>ना.प्र.नं. : ४६०१७५०२८६८<br>जारी मितिः : २०७५।०४।०२<br>बाबु । पत्नी : सुमन राना<br>बाजे/ससुरा : गगन सिंह<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८४६६०१३८४<br><br>**नाम : शोभा रेग्मी**<br>जन्म मिति : २०३९।०२।१२<br>ना.प्र.नं. : ११६२७६<br>जारी मितिः : २०५८।०३।२१<br>बाबु : शम्भु श्रेष्ठ<br>पति : सर्बजित रेग्मी<br>बाजे/ससुरा : बसन्तराज रेग्मी<br>ठेगाना : पोखरा १६ कास्की<br>हाल : पोखरा १६ कास्की<br>सम्पर्क नं : ९८२४११९७६५ | <br><br> |
| **धितो विवरण**: चिनुमाया राना र अप्सरा रानाको नाममा मालपोत कार्यलय कास्कीमा दर्ता श्रेस्ता कायम रहेको पोखरा १६ कास्की कि. न.२५९ क्षेत्रफल १०८.७० वर्गमिटर। | | | | |

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.
फोनः ०६१-५७३३७५, ५७२२३६